स्थानीय सरकार

# मेलुङ गाउँपालिका

मेलुङ गाउँपालिका (तिब्बती लिपिमा) | मेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : ०८१/८२
~~चलानी नम्बर~~ : १६५
सूचना

भेड्पु, दोलखा
बागमती प्रदेश, नेपाल

मेलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भेड्पु, दोलखा बागमती प्रदेश नेपाल २०७३

**मेलुङ गाउँपालिकाको आ.ब.२०८२/०८३ का लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना।**

सूचना प्रकाशित मिति :२०८१/११/०१ गते

उपर्यूक्त विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संसोधन' २०७८) बमोजिम आर्थिक वर्ष २०८१/०८२ मा न्यूनतम रोजगारीमा संलग्न भइ सार्वजनिक विकास निर्माणको काममा योगदान पुऱ्याउन इच्छुक १८ देखि ५९ वर्ष उमेर समूहका बरोजगार व्यक्तिहरुले सूचिकृत हुन मिति २०८१ फागुन १ गते देखि २०८१ फागुन मसान्त सम्म आफु बसोवास गरेको सम्बन्धित वडा कार्यालयमा गइ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संसोधन २०७८) को अनुसूची -१ बमोजिमको ढाँचामा तपसिलका कागजात तथा विवरण समावेश गरिएको फारम भरि निवेदन दिनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। फारम तथा निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ।

**आवश्यक कागजात तथा विवरण :**

१. नागरिकताको प्रमाणपत्रको फोटोकपी,
२. पासपोर्ट साइजको फोटो १ प्रति,
३. सिपमूलक तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि,
४. शैक्षिक योग्यता हासिल गरेको भए प्रमाणपत्रको प्रतिलिपी,
५. वार्षिक पारिवारिक आय विवरण,
६. स्थायी ठेगाना फरक भएका महिलाको हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपी,
७. बसाइसाराई गरि आएको भए सो प्रमाणपत्रको प्रतिलिपी,
८. अशक्त भए सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

साथै गत वर्ष सूचिकृत भएका व्यक्तिहरुले पनि आगामी आर्थिक वर्षमा न्यूनतम रोजगारीमा संलग्न हुन नविकरण गर्नु पर्ने हुँदा वडा कार्यालयमा गइ निवेदन दिनको लागि जानकारी गराइन्छ।

११/०१

......................

(सन्जय शिवाकोटी)

प्रमुख प्रशासकीय अधिकृत